गीरेन्द्र बहादुर राई
गाउँपालिका अध्यक्ष

आज मिति २०८० साल पुष २४ गते मंगलबार बिहान १०:०० बजे ऐसेलुखर्क गाउँ कार्यपालिकाको बैठक नं. ०२/०९/२०८०/०८१ गाउँपालिका अध्यक्ष श्री गीरेन्द्र बहादुर राई ज्यूको अध्यक्षतामा बसी तपसिलका पदाधिकारीहरुको उपस्थितीमा देहायका प्रस्तावमा छलफल गरी निर्णय गरियो ।

<u>उपस्थिती</u>

| पद | नाम, थर | हस्ताक्षर |
|---|---|---|
| अध्यक्ष | गीरेन्द्र बहादुर राई | |
| उपाध्यक्ष | राजेश कुमार राजभण्डारी | |
| सदस्य | पुरुषोत्तम राजभण्डारी | |
| सदस्य | नन्द कुमार तामाङ | |
| सदस्य | टेकेन्द्र राजभण्डारी | |
| सदस्य | भक्त बहादुर तामाङ | |
| सदस्य | टंकराम राई | |
| सदस्य | सुनिल राई | |
| सदस्य | अरुण राई | |
| सदस्य | जानुमाया राई | |
| सदस्य | मंगल माया राई | |
| सदस्य | कमला देवि तामाङ | |
| सदस्य | गोपि तामाङ | |
| सदस्य | जय बहादुर विश्वकर्मा | |
| सदस्य | दिनेश राई (नाछिरिङ) | |
| सदस्य सचिव | रेख बहादुर थापा (प्र.प्र.अ.) | |

गीरेन्द्र बहादुर राई
गाउँपालिका अध्यक्ष

प्रस्ताव तथा निर्णयहरु

**१. प्रशासकीय भवन निर्माणको कार्य सम्पादन जमानत सम्बन्धमा ।**

प्रस्ताव नं. १ माथि छलफल गर्दा ऐसेलुखर्क गाउँपालिकाको प्रशासकीय भवन निर्माणको ठेक्का नं. ARM-KHO-03/2076/077/NCB को सम्बन्धमा ऐसेलुखर्क गाउँपालिका र निर्माण व्यवसायी श्री रुजन के. जगदम्बा भुवनेश्वरी एण्ड बैभव जे.भि. सँग भएको ठेक्का सम्झौता रद्द भएर कार्य सम्पादन जमानत रकम रु. ३१,०२,१३०/- (अक्षरुपी एक्तिस लाख दुई हजार एक सय तीस रुपैयाँ मात्र) जफत भई गाउँपालिकाले आन्तरिक राजश्व खातामा आम्दानी जनाई सकेको, निर्माण व्यवसायीले सम्मानित मध्यस्थता न्यायाधिकरण समक्ष विवाद समाधानको लागि माग दावी गरेको साथै नेपाल मध्यस्थता परिषद् (नेप्का) को मिति २०८०/०८/०५ को पत्रानुसार विवाद आपसी मेलमिलापको माध्यमबाट समाधान गर्न पत्राचार भएको, मिति २०८०/०९/०४ गते नेपाल मध्यस्थता परिषद् (नेप्का) को कार्यालयमा गाउँपालिकाको कार्यालय र निर्माण व्यवसायी दुवै पक्षको संयूक्त छलफल हुदाँ मेलमिलापको माध्यमबाट थप कार्य गर्नको लागि निर्माण व्यवसायी श्री रुजन के जगदम्बा भुवनेश्वरी एण्ड बैभव जे.भि. सँग भएको सुरु ठेक्का सम्झौता कार्यसम्पादन जमानत रकमको कम्तिमा पचास (५०) प्रतिशत रकम कार्यसम्पादन जमानत माग गरी मेलमिलापको लागि पेश गर्ने सर्वसम्मत निर्णय गरियो ।

**२. शीर्षक संशोधन सम्बन्धमा ।**

प्रस्ताव नं. २ माथि छलफल गर्दा आ.व. २०८१/०८२ मा स्वीकृत तपसिल बमोजिमको योजना/आयोजना शीर्षक संशोधन गरी कार्यान्वयन गर्ने गराउने सर्वसम्मत निर्णय गरियो ।

तपसिल

| क्र.स. | स्वीकृत आयोजना/कार्यक्रम | संशोधित आयोजना/कार्यक्रम तथा बजेट |
|---|---|---|
| १. | कभर्ड हल निर्माण ऐसेलुखर्क (क्रमागत)-रु.२५,००,०००/- | लिदिङ खोला पक्की पुल निर्माण (क्रमागत)-रु.२५,००,०००/- |

**३. विपद् व्यवस्थापन सामाग्री खरिद सम्बन्धमा ।**

प्रस्ताव नं. ३ माथि छलफल गर्दा विपद् व्यवस्थापन तथा न्यूनिकरणको लागि अति आवश्यकीय सामाग्रीहरु जस्तै बेल्चा, गैती, झ्याम्पल, पाल, डोरी, टर्च लाईट लगायतका सामाग्रीहरुका साथै आगलागीबाट हुन सक्ने विपद् व्यवस्थापन तथा न्यूनिकरण गर्नको लागि आवश्यक पर्ने फायर एक्सटिङ्गिवशर कम्तिमा १० (दश) थान प्रकोप व्यवस्थापन कोषबाट खरिद गरी वडा कार्यालय, ईलाका प्रहरी कार्यालय, गाउँ कार्यपालिकाको कार्यालयमा राख्ने सर्वसम्मत निर्णय गरियो ।

**४. दरबन्दी मिलान सम्बन्धमा ।**

प्रस्ताव नं. ४ माथि छलफल गर्दा श्री कालिका प्रा.वि. ऐसेलुखर्क-७, छुकालुम्दुमा प्रा.वि. तृतीय श्रेणीको दरबन्दिमा स्थायी शिक्षक श्री छविलाल रेग्मी कार्यरत रही मिति २०८०/०८/२० गतेबाट अनिवार्य अवकाश भई उक्त दरबन्दी रिक्त भएकोमा श्री कालिका प्रा.वि. ऐसेलुखर्क-७, छुकालुम्दुमा विद्यार्थी संख्या कम भएको साथै श्री माक्पा मा.वि ऐसेलुखर्क-७, माक्पामा विद्यार्थी संख्या उच्च भएकोले सो रिक्त दरबन्दिलाई श्री माक्पा मा.वि. ऐसेलुखर्क-७, माक्पामा कायम गर्ने सर्वसम्मत निर्णय गरियो ।

गोरेन्द्र बहादुर राई
गाउँपालिका अध्यक्ष

**५. गाउँ शिक्षा समितिको बैठकको निर्णय अनुमोदन सम्बन्धमा ।**

प्रस्ताव नं. ५ माथि छलफल गर्दा ऐसेलुखर्क गाउँपालिका गाउँ शिक्षा समितिको मिति २०८० साल पौष २३ गते सोमबारको दिन बसेको बैठकको सम्पूर्ण निर्णयहरुलाई अनुमोदन गर्ने सर्वसम्मत निर्णय गरियो ।

गीरेन्द्र बहादुर राई
गाउँपालिका अध्यक्ष